# जिल्ला विकास समितिको कार्यालय

# प्यूठानको आ.व. २०७२।०७३ को

# सामाजिक परीक्षण प्रतिवेदन




प्रतिवेदक :

ह्युमन डेभलपमेण्ट कन्सलटेन्सी एण्ड रिसर्च सेन्टर प्रा.ली.

## १. पृष्ठभूमी,

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरुले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न "स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७" तर्जुमा गरिएको छ । स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्य सम्पादनको लेखाजोखाका लागि प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिक भित्र कम्तिमा एक पटक सामजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारीक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा विभिन्न नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता विकास गराउनका लागि सामाजिक परीक्षण कार्यक्रमले सहयोग पुऱ्याउँछ । सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसार जिल्ला विकास समितिको आ.व. २०७२/०७३ को सामाजिक परीक्षण गरिएको छ । सामाजिक परीक्षण प्रतिवेदन फिल्ड तहबाट विज्ञ समूहले तयार पारेको हो । सो तथ्यांकको विश्लेषण गरी सरोकारवालाको उपस्थितिमा मस्यौदा प्रतिवेदन प्रस्तुत गरियो । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरि छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । अन्तिम प्रतिवेदनलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा समेत पेश गर्नुपर्ने प्रावधान रहेको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) ले गरेको व्यवस्था अनुरूप प्यूठान नगरपालिकाले एक आर्थिक वर्षमा प्यूठान नगरपालिकाकै समग्र सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । यसमा नगरपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम तथा आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने नीतिगत व्यवस्था र संस्थागत क्षमताको लेखाजोखा गरिएको छ ।

## ३. सामाजिक परीक्षण अध्ययन विधि

क) सन्दर्भ सामग्रीहरुको अध्ययन

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- जिल्ला विकास समितिको आवधिक तथा वार्षिक योजना
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रगती समिक्षा कार्यपत्र तथा प्रतिवेदनहरू

ख) व्यक्तिगत तथा समूहगत छलफल

ग) आयोजनाको स्थलगत अध्ययन अवलोकन

घ) विभिन्न विषयगत कार्यालयहरुसंग छलफल

ङ) उपभोक्ता समितिसंग बैठक र अन्तरक्रिया

च) आयोजनाले पारेको प्रभाव सम्बन्धि उपभोक्ताहरु संग छलफल

**४. अध्ययनको सिमा :**

यस अध्ययन भित्र केहि विषयगत कार्यालयका गतिविधिहरुलाई समेटीएको भए पनि सम्पुर्ण बिषयगत कार्यालयहरु लगायत विभिन्न गैह्रसरकारी संस्थाहरूको गतिविधिहरुलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएको छैन ।

**५. बृहत छलफल कार्यक्रमको विवरण**

क) मिति : २०७३ कार्तिक ३० गते ।

ख) स्थान : जिल्ला विकास समितिको सभाहल ।

ग) समय : दिनको ११.०० बजे देखि ३.०० बजे सम्म ।

**६. स्थानीय निकायको विवरण (अनुसुची २ बमोजिमको बृहत छलफलमा प्रस्तुत गरीएको प्रतिवेदन)**

**स्थानीय निकायको परिचय :**

**१.१ भौगोलिक अवस्था**

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत पर्ने प्यूठान एक पहाडी जिल्ला हो । यस जिल्लाको दक्षिण भाग चौडा र पूर्वी तथा पश्चिमी भागबाट सागुरिदै गएर उत्तर तर्फ झन साँघुरिएको छ । यस

जिल्लाको पूर्वमा अर्घाखाँची र गुल्मी, पश्चिममा रोल्पा र दाङ, उत्तरमा बाग्लुङ र रोल्पा तथा दक्षिणमा अर्घाखाँची र दाङ जिल्ला पर्दछन् ।

प्यूठान जिल्ला एक पहाडी जिल्ला तथा भौगोलिक संरचना विषम खालको भएकोले यहाँको हावापानी पनि भिन्दा भिन्दै खालको छ । तराईको हावापानी संग मिल्ने खालको बांगेसाल गा.वि.स. देखि लिएर उच्च पहाडी भेगसँग मिल्ने हावापानी भएको स्याउलीवाङ गा.वि.स. पनि यसै जिल्लामा पर्दछन् ।

यस जिल्लाको मध्य भागबाट बहने दुई ठुला नदीहरु झिम्रुक र माडी नदीहरु मध्ये माडी नदी गहिरेर गएको कारण यस नदीको योगदान प्यूठानी कृषकहरु माझ खासै देखिदैन भने झिम्रुक नदीले आफ्नो दुवै किनार तर्फ समथर मलिला फाँटहरु निर्माण गर्दै ति फाँटहरुलाई सिंचाई दिदै उत्पादनमा ठुलो टेवा पुऱ्याएकोले प्यूठानी कृषकहरु माझ यो नदी वरदान सावित भएको छ । त्यसैले झिमरुक नदीलाइ धर्मावती नदी पनि भनिन्छ । दुवै किनार तर्फका समथर मलिला फाँटहरुले तराइलाई नै बिर्साएको छ । त्यति मात्र नभएर १२ मेघावाट विद्युत पनि यहि नदीबाट उत्पादन भएको छ ।

**प्यूठान जिल्लाको भौगोलिक अवस्थिती**

| | |
|---|---|
| देशान्तर | : ८२°३०" देखि ८३° पूर्वी देशान्तर |
| अक्षाशं | : २७°५५' देखि २८°२५' उत्तरी अक्षाशं |
| जिल्लाको कुल क्षेत्रफल | : १३०९ बर्ग कि.मि. |
| उचाई समुन्द्र सतह देखिको अधिकतम उचाई | : ३६५९ मी. |
| उचाई समुन्द्र सतह देखिका न्यूनत्तम उचाई | : ३०५ मी. |
| सदरमुकाम उचाई | : १२८० मी. |

**प्यूठान जिल्लाको प्रशासनिक विभाजन**

| | |
|---|---|
| क्षेत्र | : मध्य पश्चिमाञ्चल |
| अञ्चल | : राप्ती |
| जिल्ला | : प्यूठान |
| सदरमुकाम | : खलंगा |
| निर्वाचन क्षेत्र | : २ |
| इलाका | : ११ |

| | |
|---|---|
| नगरपालिका | : १ |
| गा.वि.स. | : ४२ |

**जिल्लाको जनसंख्या विवरण**

| | |
|---|---|
| जम्मा जनसंख्या | :२२८१०२ |
| महिलाको संख्या | :१२८०४९ (५६.१३ प्रतिशत) |
| पुरुषको संख्या | :१०००५३ (४३.८७ प्रतिशत) |
| जम्मा परिवार संख्या | :४७७३० |
| औषत परिवार संख्या | :४.७८ |
| वार्षिक जनसंख्या वृद्धि दर | : १.९१ प्रतिशत |

**प्यूठान जिल्लाको हावापानीको अवस्था**

| | |
|---|---|
| हावापानी | : उष्ण, समशितोष्ण र शित |
| वार्षिक वर्षा सरदर | : १३०० मी.मी. |
| अधिकतम | : ३२.५ डिग्री सेल्सियस(बि.सं २०६७ जेष्ठमा ) |
| न्यूनतम | : ११.८ डिग्री सेल्सियस |

प्यूठान स्वास्थ्यका दृष्टीकोणले उपयुक्त हावापानी रहेको मानिन्छ ।

**प्रमुख बजार क्षेत्रहरु :**

खलंगा, विजुवार, बाग्दुला, दाखाक्वाडी, मच्छी, भिंग्री, देवीस्थान, बहाने, बरौला, बड्डाँडा, दरभान ठूलाबेशी, चुँजाठाटी, खरीबोट आदी ।

**उद्योगको लागी सम्भावित क्षेत्रहरु :**

विजुवार, धर्मावती, ओखरकोट, मरन्ठाना, भिंग्री, ढुंगेगढी ,मर्कावाङ ,स्याउलीवाङ गा.वि.स.हरु ।

**व्यापारिक महत्वका स्थानहरु :**

खलंगा, विजुवार, बाग्दुला, चकचके, भिगृं, देविस्थान, बरौला, मच्छी, ठुलाबेसी, वहाने, चेरनेटा, वड्डाँडा, दरभान, जुम्री आदी ।

**भू-उपयोगको अवस्था :**

| | |
|---|---|
| जिल्लाको कुल क्षेत्रफल | :१,३०९ बर्ग कि.मि. |
| खेतियोग्य जमिन | :४२,७६६ हेक्टर(३२.१८ प्रतिशत ) |
| कुल खेती गरीएको क्षेत्र | :२२,१००हेक्टर (खेतियोग्यको ५१.६७प्रतिशत |
| खेती अयोग्य जमिन | :१४,८९० हेक्टर (११.२० प्रतिशत ) |
| चरन पर्ति / ऐलानी | :१२,८९९ हेक्टर (९.७१ प्रतिशत ) |
| बन क्षेत्रफल | :७२,६९४ हेक्टर (५४.७० प्रतिशत ) |
| अन्य | :४,२३६ हेक्टर |
| पाखो जग्गा | :७०.४१ प्रतिशत |
| खेत | :२९.५९ प्रतिशत |

**स्थानीय निकायको दूरदृष्टि, उद्धेश्य तथा प्राथमिकताहरु**

**क) दूर दृटि**

*"उच्चमूल्यका वाली तथा पर्यटन प्रवर्द्धन प्यूठानी जनताको जीवनमा गुणात्मक परिवर्तन"*

**ख) उद्देश्य (Purpose)**

- जिल्लाका विद्यमान समस्या, चुनौती तथा अवसरहरुको विश्लेषण गरी जिल्ला विकासको गतिलाई निर्देशित गर्ने ।
- जिल्लाका विभिन्न विषयगत क्षेत्रमा रहेका समस्या तथा आवश्यकताहरुलाई एकीकृतरुपमा संबोधन गर्ने गरी योजना तर्जुमा गर्ने ।
- जिल्ला विकासका लागि आवश्यक पर्ने दीर्घकालिन लक्ष्य, उद्देश्य तथा अपेक्षित उपलब्धिहरु निर्धारण गरी सोही बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।
- जिल्ला विकासका लागि राजनीतिक दलहरु, विषयगत निकायहरु, गैर सरकारी संस्थाहरु, निजी क्षेत्र, नागरिक समाज, दातृ निकायहरु साथै अन्य सरोकारवालाहरुको सहभागितामा जिल्ला विकासको आवधिक योजना तर्जुमा गर्ने ।

**जिल्लाको प्राथमिकता तथा लक्ष्यहरु**

क) पर्यटन तथा उच्च मुल्यका वालीको विकासका संभावनाहरुको अत्यधिक मात्रामा खोजी गरी कार्यक्रम संचालन गर्ने ।

ख) आधुनिक तरिका तथा प्राविधिक प्रयोगबाट नगदे वालीको विकास गरी जनताको आयआर्जनमा बृद्धी गराउने ।

ग) पर्यटन प्रवर्द्धनको विकास गर्दै पर्यटनलाई उद्योगको रुपमा विकास गर्ने ।

घ) सामाजिक क्षेत्रबाट वञ्चित समुदायलाई विकासको मूल प्रवाहमा समावेश गर्दै विकासका पूर्वाधार निर्माण गर्ने ।

**जिल्ला विकास समितिद्वारा संचालित योजना तथा कार्यक्रमहरु**

- जिविस अनुदान कार्यक्रम
- साना सिंचाई, नदि नियन्त्रण तथा अन्य पूर्वाधार विकास कार्यक्रम
- स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
- झोलुंगेपुल क्षेत्रगत विकास कार्यक्रम
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम
- शान्तिको लागि विकास कार्यक्रम
- पर्यटन विकास कार्यक्रम
- दुई जिल्ला तथा आर्थिक केन्द्र जोड्ने सडक कार्यक्रम
- ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम
- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम
- निर्वाचन क्षेत्र विकास कार्यक्रम
- स्थानीय स्तरका सडक पुल
- सामुदायिक सिंचाई आयोजना
- सामाजिक सुरक्षा कार्यक्रम
- उपेक्षित उत्पिडित दलित उत्थान कार्यक्रम
- आदिवासी जनजाति उत्थान कार्यक्रम
- पुनःनिर्माण पुनर्स्थापना कार्यक्रम
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम
- उर्जा, वातावरण तथा जलवायु परिवर्तन
- राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण कार्यक्रम
- संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम

- स्थानिय विकास कोष
- लघु उद्यम विकास कार्यक्रम
- शिक्षा विकास कोष
- सडक वोर्ड नेपाल
- राष्ट्रिय युवा परिचालन
- स्थानीय युवा साझेदारी कार्यक्रम
- गरिव संग विश्वेश्वर कार्यक्रम
- अन्य विषयगत कार्यालयसंग सम्बन्धित कार्यक्रम

**जिल्लाको गत वर्षको मूख्य मूख्य उपलब्धिहरु**

- जिल्ला विकास समितिद्वारा संचालित विभिन्न कार्यक्रम तथा आयोजनाहरुबाट विभिन्न कच्ची सडक (नया निर्माण) १६.०५ कि.मी.
- कच्ची सडक मर्मत संभार ४५.४ कि.मी
- सडक ग्राभेल मर्मत संभार ११४.३ कि.मी.
- ग्रामीण सडक तर्फ ४०.९१ कि.मी.
- सडक सर्भेक्षण ३७ कि.मी.
- पक्की पुल (सडक पुल) निर्माण ४ वटा
- खानेपानी तथा सरसफाई आयोजना १७ वटा
- ६ वटा झोलुंगे पुल निर्माण
- सार्वजनिक भवन निर्माण १४ वटा (विद्यालय भवन २, अन्य सार्वजनिक भवन निर्माण नया १, स्वास्थ्य चौकी १ र अन्य सार्वजनिक भवन निर्माण १०)
- ग्रामीण विद्युतिकरण ४ कि.मी.
- पक्की कुलो निर्माण नया ९३० मीटर
- सिंचाई कुलो नया निर्माण २५ वटा
- सिंचाई पोखरी निर्माण ५ घ.मी.
- सामुदायिक पूर्वाधार तथा अन्य साना निर्माण कार्य ३० वटा
- स्यानीटरी ल्याण्ड फिल्ड साईड निर्माण १ वटा
- मन्दिर निर्माण १६ वटा र मदर्शा निर्माण १ वटा
- सामाजिक सुरक्षा भत्ता वितरण १५,९२७ जनालाई (जेष्ठ नागरिक अन्य ५५७६, जेष्ठ दलित ३३७३, एकल महिला ३९७६, विधवा महिला २६७२, पूर्ण अपांग २२४, आंशिक अपांग ७२, लोपोन्मुख आदीवासी जनजाति ३४ जना
- दलित वालवालिका सामाजिक सुरक्षा वितरण ५७७६ जनालाई
- विभिन्न प्रकारका सिप विकास तथा क्षमता विकास तालिम संचालन ३७ पटक
- ५० जना अपांगता भएका व्यक्तिहरुका लागि सिपमुलक तालिम
- महिलाहरुका लागि विभिन्न खालका सिप विकास तथा क्षमता विकास तालिम संचालन
- पुँजीगत रकमबाट महिला लक्षित कार्यक्रमको लागि ११ प्रतिशत, बालबालिकाको लागि १२ प्रतिशत र दलित, जनजाति, अपांग, जेष्ठ नागरिक, अल्पसंख्यक, पिछडावर्गको लागि १६ प्रतिशत रकम विनियोजन गर्ने गरिएको
- सामाजिक सुरक्षा कार्यक्रममा सुन्य पेश्की रहेको
- भिंगृ गाविसलाई बालमैत्री स्थानीय शासन गाविस घोषणाको लागि अन्तिम चरणमा रहेको
- विभिन्न गाविसका १२ वटा वडालाई पूर्ण आनीबानी परिवर्तन भएको वडा घोषणा

- गुणस्तर परीक्षण प्रयोगशाला स्तरोन्नति गरी संचालनमा ल्याईएको
- न्यूनतमशर्त तथा कार्यसम्पादन मापनमा जिविस प्यूठान देश भरिकै तेस्रो स्थान हासिल गर्न सफल भएको
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई परियोजना दोस्रो चरणको मूल्यांकनमा प्यूठान जिल्लाले पहिलो स्थान हासिल गर्न सफल भएको
- योजना संचालनका क्रममा स्थानीय उपभोक्ताहरुबाट ९ वटा गुनासाहरु आएको र त्यसको सहज रुपमा कार्यालयबाट समाधान भएको
- योजना संचालनका क्रममा उपभोक्ता समितिलाई तालिम संचालन गरिएको
- योजना कार्यान्वयन गर्न उपभोक्ता समितिहरुलाई सम्झौताको लागि विभिन्न संचार माध्यमबाट सुचना प्रसारण तथा पत्राचार गरिएको
- ३ वटा योजनाको नेतृत्व महिलाले गरेको र ति योजना तुलनात्मक रुपमा प्रभावकारी देखिएको

**सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा**

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| जिल्लाको आवधिक योजनामा मुख्य प्राथमिकतामा रहेको कृषि क्षेत्रको विकासलाई केन्द्र विन्दुमा राखि कृषि पेशालाई मर्यादित, ब्यबसायिक र आयमुलक वनाउन र युवा जनशक्तिलाई कृषि पेशा तर्फ आकर्षित गर्ने । | कृषि पेशा तर्फ उत्साह बढेको | उन्नत विउ, नश्ल सुधार, पशु विमा, कृषि अनुदान जस्ता कार्यक्रमलाई निरन्तरता पशुफर्म तथा ब्यवसायिक खेतिमा अनुदान | युवा जनशक्ति कृषि पेशा तर्फ आकर्षित |
| आवधिक योजनाको प्रमुख उद्देश्यका रुपमा रहेको पर्यटन क्षेत्रको विकासका लक्ष्यलाई पुरा गर्न ति क्षेत्रहरुको पूर्वाधार विकासमा जोड दिइने | पर्यटन प्रवर्द्धनलाई प्राथमिकता दिने गरिएको | धार्मिक एवं पर्यटकीय क्षेत्र स्वर्गद्वारीको सिढि निर्माण, भिंग्री-स्वर्गद्धारी सडकको स्तरोन्नती, स्वर्गद्धारी धर्मशाला निर्माण लगायतका कार्यहरुलाई निरन्तरता | पर्यटन प्रवर्द्धनमा सहयोग |
| इलाका स्तरीय योजना तर्जुमा गोष्ठीबाट प्राथमिकता निर्धारण भै आएका योजनाहरुलाई प्राथमिकता दिई कार्यान्वयन गर्दै लैजाने | स्थानीय समुदायको उत्साह बढ्दै गएको | जिल्ला परिषद् बैठकमा वडा नागरिक म१च हुँदै इलाका स्तरबाट आएका योजना तथा कार्यक्रमहरुलाई मात्र प्राथमिकता दिई स्वीकृत गर्ने गरिएको । | सर्वसाधारण जनताको उत्साह तथा सहभागिता बढेको |

| | | | |
|---|---|---|---|
| "सन् २०१७ सम्ममा सरसफाईको आनीवानीमा पूर्णता, प्यूठानवासीको प्रतिवद्धता" भन्ने मूल नाराका साथ पूर्ण सरसफाई अभियान सञ्चालन गरी सन् २०१७ सम्ममा पूर्ण सरसफाईयुक्त जिल्ला बनाउने लक्ष्यका साथ सतप्रतिशत घरधुरीमा खानेपानी तथा सरसफाईको पहुँच पुऱ्याउने | कमजोर अवस्था देखिएको | • खानेपानी अपुग विभिन्न गाविसहरुमा १७ वटा खानेपानी आयोजना निर्माण गरिएको<br>• विभिन्न गाविसका १२ वटा वडालाई पूर्ण सरसफाई युक्त वडा घोषणा गरिएको | पूर्ण सरसफाई युक्त जिल्ला घोषणामा सहयोग पुगेको |
| विकासको मूल प्रवाहबाट पछाडि पारिएका लक्षित वर्गका लागि छुट्याइएको रकमलार्य बितरणमुखी नभई लगानीमुखी बनाउने | उत्साहजनक अवस्था देखिएको | महिला लक्षित कार्यक्रमको लागि ११ प्रतिशत, बालबालिकाको लागि १२ प्रतिशत र दलित, जनजाति, अपांग, जेष्ठ नागरिक, अल्पसंख्यक, पिछडावर्गको लागि १६ प्रतिशत रकम विनियोजन गर्ने गरिएको | पछाडि पारिएका वर्गको पहूँच बढेको |
| सन् २०२० सम्ममा प्यूठान जिल्लालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने उद्देश्यका साथ कार्यक्रम सञ्चालन गरिने | उत्साहजक अवस्था देखिएको | स्थानीय स्तरमा बालक्लवहरुको क्षमता विकास सम्न्धी कार्यक्रमहरु सञ्चालन, प्रत्येक गाविसमा गाविस स्तरीय बाल भेला सञ्चालन गरी योजनाहरु छनौट, भिंगृ गाविसलाई बाल मैत्री स्थानीय शासन गाविस समेत घोषणा गरिएको | अन्य गाविस समेत उक्त अभियानमा उत्साहित भएको |
| मुख्य सडकहरुमा मात्र जिल्ला विकास समितिले कार्य गर्ने गरी जिल्ला सडक गुरुयोजनाका आधारमा सडक छनौट, निर्माणाधीन सडकमा बायो इन्जिनियरिङ र निर्माण गरिएको सडकलाई बाह्रै महिना सञ्चालन हुने व्यवस्था गरिदै लैजाने | निर्माणाधीन अवस्थामा रहेको र स्थानीय उपभोक्ताको उत्साह बढेको | • DCRN मा नजोडिएका २ गाविस जोडने सडक धरमपानी -कोचिवाङ र बाहाने खवाङ्ग स्याउलिवाङ्ग सडकलार्य विशेष महत्वका साथ कार्यारम्भ भएको<br>• विजुवार - खलंगा जोडने झिमरुक नदिमा पक्की पुल तथा बाहाने-लुङखोलामा र बरौला-विजुली जोडने चुकाहामा पक्की पुलको निर्माण कार्य सम्पन्न | |

# नुमना योजनाहरुको स्थलगत अवलोकन गर्दा देखिएका सामाजिक जिम्मेवारी र कार्य सम्पादनको अवस्था

१) लामाचौर झालुडे पुल अयोजना

२) तिराम घैटे ट्यांकी निर्माण आयोजना

३) दर्गा दलित बस्ती खानेपानी आयोजना

४) सामाजिक सुरक्षा कार्यक्रम

# लामाचौर झोलुङ्गेपुल निर्माण आयोजना

**आयोजनाको विवरण :**

- आयोजनाको कुल लागत : रु ३१,२६,९८१।२९
- जिविस लगानी : रु १,०५,१०८।००
- गाविसको लगानी : रु ८४,६१२।००
- समुदायको जनश्रम : रु ६०,४३७।००
- लाभान्वित घरधुरी : ४४०
- आयोजना शुरु मिति : २०७१।०२।२८
- आयोजना सम्पन्न मिति : २०७२।०४।१६

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| एक गाउँबाट अर्को गाउँ सम्मको आवत जावतमा सहजता | पुल नबन्दा सम्म दैनिक १.३० देखि २ घण्टा सम्म थप हिड्नु पर्ने अवस्था । | ज्यानको जोखिम उठाएर खोला तर्ने गरिएको | दैनिक २०० देखि ३०० जनाले सहज रुपमा आवत जावत गर्ने गरेको । खासगरी विद्यार्थीहरु बढी लाभान्वित भएको । |
| मानिसहरुलाई खोलाले बगाई मृत्यु हुने क्रमलाई रोक्न | विगत वर्षहरुमा खोलाले बगाएर धेरैको मृत्यु भएका | विगत वर्षमा खोला बढेको अवस्थामा बैकल्पिक पुलको प्रयोग । | खोलाले बगाई मृत्यु हुने डरबाट मुक्त । |
| बजार सम्मको पहुँच बढाउनु | १ के.जी. नुन किन्नको लागि पनि ४ घण्टा हिड्नु पर्ने अवस्था । | दैनिक उपभोग्य वस्तुहरु नहुँदा सरसापट गरी चलाउने गरेको | बजार सम्मको पहुँच बढेकोले सानातिना समस्याहरु तत्काल समाधान गर्न सहज |
| रोजगारीको अवस्था सिर्जना | कतिपय गाउँका सामान्य व्यक्तिहरु ज्याला मजदुरी गर्न निकै टाढा जानु पर्ने । | दैनिक गुजारा चलाउन ज्यालादारीमा हिड्ने गरेको । | दक्ष कामदार बाहेक अदक्ष कामदारहरु स्थानीय स्तरमै परिचालन गरिएको |

| | | | |
|---|---|---|---|
| विद्यालय सम्मको पहुँच बढाउनु | विद्यालय पढ्न जानको लागि विहानै हिड्नु पर्ने अवस्था । | कतिपय विद्यालय भएको क्षेत्रमै डेरा गरी वस्ने गरेको | विद्यालय सम्मको पहुँच सुधार भई समयमै आवत जावत गर्न सहज भएको |

**सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा**

तिराम घैंटे ट्यांकी निर्माण आयोजना

आयोजनाको विवरण :

- आयोजनाको कुल लागत : रु ६२,५४,६६०।३४
- जिविसको लगानी : रु २,५०,१८६।४१
- नेपाल सरकार : रु २३,७३,४९८।५५
- फिनल्याण्ड सरकार : रु २३,७३,४९८।५५
- गाविसको लगानी : रु ३,७५,२७९।६२
- स्थानीय उपभोक्ता : रु ८,८२,१९७२
- लाभान्वित घरधुरी : ८७ (व्यक्तिगत ८३, संस्थागत ४)
- आयोजना शुरु मिति : २०७२।०२।२०
- आयोजना सम्पन्न मिति : २०७२।१०।२९

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| विद्यालय सम्मको पहुँच बढाउनु | विद्यालय पढ्न जानको लागि विहानै हिड्नु पर्ने अवस्था । | कतिपय विद्यालय भएको क्षेत्रमै डेरा गरी वस्ने गरेको | विद्यालय सम्मको पहुँच सुधार भई समयमै आवत जावत गर्न सहज भएको |
| पानी उपलब्धताको अवस्थामा सुधार | कुन्टा, पँधेराहरु खोज्दै हिड्नु पर्ने अवस्था । | दैनिक २ देखि ३ घण्टाको समय लगाएर पानी संकलनमा लाग्ने गरिएको | घरायसी कामकाजको लागि पर्याप्त पानी उपलब्ध भएको |
| सरसफाईको अवस्थामा सुधार | सरसफाईको सम्बन्धमा त्यति धैरै चासो दिने नगरेको । | जनतन सरसफाईको नाममा सबैको घरमा चर्पी सम्म निर्माण गरीएको तर पानीको प्रयोग कम | वडा लाई पूर्ण सरसफाई युक्त वडा घोषणाको तयारीमा रहेका |

| | | | |
|---|---|---|---|
| सरसफाईको अवस्थामा सुधार | सरसफाईको सम्बन्धमा त्यति धेरै चासो दिने नगरेको । | जनतन सरसफाईको नाममा सबैको घरमा चर्पी सम्म निर्माण गरीएको तर पानीको प्रयोग कम | वडा लाई पूर्ण सरसफाई युक्त वडा घोषणाको तयारीमा रहेका |
| शैक्षिक अवस्थामा सुधार (बालबालिका हरुको हकमा) | पानी लिन जाने स्थान धेरै टाढा भएकोले हतार हतार गर्नु पर्ने | हतार हतार गरी पानी लिन जाने र विद्यालय पुग्ने गरेको | पढ्नको लागि पर्याप्त समय पाएको र बालबालिकाको शैक्षिक अवस्थामा सुधार देखिएको |
| स्वास्थ्य अवस्थामा सुधार | पानी उपलब्ध नहुँदा स्वास्थ्य अवस्थामा सुधार हुन नसकेको | विभिन्न प्रकारका रोगहरु लाग्ने गरेको तर रोकथामको लागि पर्याप्त प्रयास नभएको | पानीको पर्याप्तताले घरायशी तथा व्यक्तिगत सरसफाई सुधार भएका |

३) दर्गा दलित बस्ती खानेपानी आयोजना

यस आयोजनामा भरखरै काम सुचारु भएको र क्रमागत योजना भएकोले यसको प्रभाव देखिन बाँकी रहेको छ ।

स्थानीय निकायका मूख्य मूख्य समस्याहरु

- समयमै अख्तियारी प्राप्त नहुनु र समय मै बजेट निकाशा नहुनु
- कुनै शिर्षकहरुमा अनुमान गरे भन्दा कम बजेट प्राप्त भएकोले योजना संशोधन गर्नु पर्ने अवस्था आउनु
- गाविस सचिवहरुको दरवन्दी पूर्ति हुन नसक्दा कार्य सम्पादनमा समस्या आएको
- प्राविधिक जनशक्तिको कमीले गर्दा पूर्वाधार योजनाहरुको प्रभावकारी कार्यान्वयनमा कठिनाई
- आन्तरिक स्रोत (विद्युत रोयल्टी, गिटी बालुवा कर, मालपोत कर, पूर्वाधार उपयोग कर, निकासी कर) नियमित रुपमा प्राप्त नहुनु
- जिल्ला विकास समिति भित्रको एक शाखासंग अर्को शाखाको समन्वयमा कमी
- जिल्लामा निर्माण भएका पूर्वाधारहरु वातावरणमैत्री हुन नसक्नु : खासगरी सडक योजनाहरु
- जिविसको आन्तरिक स्रोत कम हुनु
- गाविसको पूँजीगत अनुदान दोब्बर हुँदा सोही अनुपातमा जिविस अनुदान बृद्धी नहुनु
- गुणस्तर परीक्षण प्रयोगशाला संचालनमा आएको भए पनि प्रयोगशाला कक्ष व्यवस्थित हुन नसकेको
- जिल्लाको आवधिक योजनाको लक्ष्य अनुसारको उपलब्धि हुन नसक्नु
- विस्तृत प्राविधिक सर्भेक्षण बीना योजना संचालन हुनु (विशेष गरी ग्रामीण सडक योजनाहरु)
- उपभोक्ताहरुलाई अपेक्षिकृत रुपमा योजनाको दिगोपनाको लागि अपनत्व गराउन नसकिएको
- उपभोक्ता समितिबाट संचालन गरिने योजनाहरुमा १० प्रतिशत नगद जम्मा गर्ने परिपाटीले समयमा काम सम्पन्न गर्न कठिनाई
- उपभोक्ता समितिहरुले निर्माण व्यवसायी मार्फत काम गर्ने र कमिशन खाने परिपाटीले गर्दा उपभोक्ता समितिको मूख्य पदमा बस्नको लागि विवाद उत्पन्न हुने गरेको ।
- उपभोक्ताहरुबाट डिजाईन ईस्टीमेट अनुसार कार्य सम्पादन नगरी आफ्नो अनुकुलतामा निर्माणका लागि प्राविधिकलाई दवाव दिनु
- केहि योजनाहरुमा प्राविधिकहरु समेत योजना स्थल नगई टेलिफोनका भरमा लाईन दिने प्रबृत्ती देखिनु

- विषयगत कार्यालय र गै.स.स.हरुबाट सम्पन्न भएका भौतिक पूर्वाधारका योजनाहरु स्थानीय निकायलाई हस्तान्तरण नगर्नु
- अनुगमन र मूल्याङ्कनको पक्ष कमजोर रहनु
- योजनाहरु अत्याधिक टुक्रे एंव मासिना हुंदा कार्यान्वयनमा समस्या रहेको
- योजना कार्यान्वयनमा समुदायको तत्परता कमी / उदाशिनता रहेको
- उपभोक्ता समितिले प्रचलित ऐन, कानून बमोजिम जनश्रम नगर्ने प्रबृत्ती बढ्दै जानु
- पछिल्लो समयमा स्थानीय तह पुनर्संरचनाको सवालले स्थानीय समुदाय एवं कार्यान्वयन निकायलाई समेत अन्योलमा पारेको

**<u>सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु</u>**

- स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा त्यस संग सम्बन्धित विभिन्न ऐन, नियम, नियमावली, निर्देशिका बमोजिम कार्य सम्पादन गरिएको ।
- न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरू पुरा गर्न सफल भई देश भरमै तेस्रो स्थान प्राप्त गर्न सफल
- सामाजिक परिचालनद्वारा समुह गठन, परिचालन र कार्यान्वयन भएको
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईको अवस्थामा सुधार
- महिलाहरुको कार्यबोझ तुलनात्मक रुपले घट्दै गएको
- स्थानीय स्तरका योजनाहरु छनौट गर्दा वस्ती तहबाट नै छनौट प्रक्रियाको थालनी
- आर्थिक तथा सामाजिक रुपले पछाडी पारिएका वर्गको सकृय सहभागिता बढेको
- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको
- क्रमागत तथा अपुरा योजनाहरूलाई पूरा गर्ने निति लिएको
- ग्रामिण सडक क्षेत्र विस्तार तथा मर्मत
- जिल्लाको कृषिको गुणस्तर तथा उत्पादकत्वमा वृद्धि
- उपभोक्ता समितिलाई पेश्की दिन बन्द गरिएको
- लागत साझेदारीलाई प्राथमिकता दिईएको
- केहि योजनाहरुको कार्यान्वयन चरणमा उपभोक्ता समितिले ३ पटक सम्म सार्वजनिक परिक्षण गर्ने गरिएको ।

**<u>सामाजिक परीक्षणबाट देखिएका चुनौति तथा कमिकमजोरीहरु</u>**

- जिल्ला विकास समितिको आन्तरिक कोषतर्फ बजेटको कमिले गर्दा जिल्ला परिषदबाट स्वीकृत योजनाहरू सबै सञ्चालन गर्न कठिनाई
- विभिन्न सरोकारवाला निकायहरुसंग प्रभावकारी समन्वय, सहकार्य तथा सक्रियताको कमिले गर्दा हाल पुर्ण सरसफाई अभियानले गति लिन नसकेको
- जिल्लाको आवधिक योजना निर्माण भएको भए पनि उक्त आवधिक योजनाको लक्ष्य अनुसार धेरैजसो विषयगत निकायबाट कार्य सम्पादन हुन नसक्नु
- सन २०२० सम्ममा प्यूठान जिल्लालाई बालमैत्री स्थानीय शासन जिल्ला घोषणा गर्ने लक्ष्य लिएको भए पनि उक्त लक्ष्य पुरा गर्नका लागि प्रभावकारी कार्यक्रमहरु संचालन हुन नसक्नु
- पूर्ण सरसफाई अभियानलाई स्थानीय निकायले कम महत्व दिनु साथै DWASHCC र VWASHCC को सकृयता नदेखिनु
- स्थानीय निकायमा प्रर्याप्त मानवीय स्रोतको उपलब्धता हुन नसक्नु
- अनुगमन तथा मूल्यांकनको क्षेत्रलाई कम महत्व दिनु
- जिल्ला विकास समिति भित्रका विभिन्न शाखाहरु वीच प्रभावकारी समन्वय हुन नसक्नु
- योजना कार्यान्वयन चरणमा उपभोक्ता समितिले प्रचलित ऐन, कानून बमोजिम जनश्रम नगर्ने प्रबृत्ती बढ्दै जानु र उपभोक्ता समितिबाट नै निर्माण व्यवसायी मार्फत काम गराउने प्रबृत्ती बढ्दै जानु

**<u>सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु</u>**

- आवधिक जिल्ला विकास योजनाले परिलक्षित गरे अनुसारका कार्यक्रम तथा योजनाहरु संचालन गर्न गराउनका लागि जिल्ला विकास समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्नु पर्ने
- सन २०१७ सम्ममा प्यूठान जिल्लालाई पूर्ण सरसफाई युक्त जिल्ला घोषणा गर्ने लक्ष्य लिएकोले उक्त लक्ष्य हासिल गर्ने खालका कार्यक्रमहरु संचालन गर्नका लागि प्रभावकारी भूमिका निर्वाह गर्नु पर्ने
- सन २०२० सम्ममा प्यूठान जिल्लालाई बाल मैत्री स्थानीय शासन जिल्ला घोषणा गर्ने लक्ष्यलाई सफल बनाउनका लागि विभिन्न सरोकारवाला निकायलाई बालमैत्री कार्यक्रम संचालनमा समन्वय गर्नु पर्ने
- समुदायसंग प्रत्यक्ष सरोकार राख्ने जवाफदेहि कार्यक्रमहरु संचालन गर्दा सेवा ग्राहीलाई समेत सहभागी गराउनु पर्ने
- जिविस भित्र अन्तरशाखा समन्वयलाई प्रभावकारी बनाउनु पर्ने
- कामको चाप अनुसार मानवीय स्रोतको व्यवस्थापन गर्नु पर्ने
- पूर्वाधार निर्माण गर्दा वातावरणमैत्री बनाउनु पर्ने
- कुनै खास महत्वपूर्ण योजनाहरुको प्रभाव मूल्यांकन तर्फ ध्यान दिनु पर्ने

- योजना कार्यान्वयनको चरणमा सबै उपभोक्ता समितिलाई तालिम दिनु पर्ने
- राम्रो काम गर्ने उपभोक्ता समितिमा अन्य उपभोक्ता समितिका प्रतिनिधिहरुलाई अवलोकन भ्रमणका लागि लैजानु पर्ने

## अनुसूची- ३

(बुदा १०.३ सँग सम्वन्धित)

१. विषयगत कार्यालयको नाम : महिला तथा बालबालिका कार्यालय, प्यूठान

**२. लक्ष्यहरु :**

क. पिछडिएको र विपन्न महिलाहरुलाई चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवम् राजनैतिक मूलप्रवाहिकरण गरी समतामूलकरुपले पारिवारिक जीवनस्तर अभिवृद्धि गर्न र त्यसका लागि सहकार्यको अवधारणलाई समेत प्राथमिकता दिने ।

**३. मुख्य उद्देश्यः**

क. आर्थिक, सामाजिक, सांस्कृतिक र राजनैतिक रुपमा पिछडिएका र अवसरबाट बञ्चित रहेका विपन्न महिलाहरुको विकासका लागि चरणबद्ध रुपमा चेतना जागरण, क्षमता विकास एव सामजिक परिचालन गर्दै स्थानीयस्तरमा महिलाहरुको सक्षम र आत्मनिर्भर सामुदायिक संस्थाहरुको विकास तथा प्रवर्धन गर्ने र त्यसका लागि सहकार्यलाई समेत प्राथमिकता दिने

ख. महिला सशक्तिकरण गरी लैगिंक मूलप्रवाहीकरण गर्ने गराउने ।

ग.सामाजिक कुरीति, मानव बेचविखन, देह व्यापार, घरेलु हिंसा लगायतका महिला विरद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

घ.स्रोत साधन र रोजगारको अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने ।

ङ. महिला, बालबालिका, ज्येष्ठ नागरिक , अपांगता भएका व्यक्तिहरुको क्षेत्रमा समन्वयकर्ता, सम्पर्क सुत्र, सहजकर्ता र सम्पर्क निकायको रुपमा भूमिका निर्वाह गर्ने।

**४. गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमहरुको विवरण :**

| क्र.स. | संचालित आयोजना कार्यक्रमको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| **१** | **महिला विकास कार्यक्रमतर्फ** | | | |
| क | लक्षित महिला समूहीकरण | लक्षित महिलालाई समूह समितिमा आबद्ध गर्ने ( ५४ समह, ३ समिति गठन) | लक्षित महिलाहरु समूह समितिमा आवद्ध भई नियमित बैठक तथा बचतको थालनी | |
| ख | समूह सदस्यको अनुशिक्षण ३ दिने गाउँस्तर | २७० जना समूह सदस्यलाई अनुशिक्षण दिने | समूहमा आबद्ध २७० सदस्यलाई महिला विकास कार्यक्रम, बचत, व्यवसाय, लैगिंक हिंसा, प्रजनन स्वास्थ्य आदि विषयमा | |

| क्र.स. | संचालित आयोजना कार्यक्रमको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | | | अभिमुखीकरण | |
| ग | पूर्व सहकारी शिक्षा | महिला सहकारी संस्थाको स्तरोन्नति गर्ने | ५८ सदस्यहरुलाई नेतृत्व तथा संस्थागत विकास अभिमुखीकरण | |
| घ | महिला समिति अन्तर्गत व्यवसायिक समूह विकास | १०० जनालाई व्यवसायिक तालिम दिने | व्यवसायिक तालिम र अनुदान १०० महिलाले प्राप्त गरी व्यवसायको थालनी | |
| ङ | गरिबी विरुद्ध महिला अभियान | व्यवसायिकरणबाट समुदायस्तरबाट गरिबी हटाउने | १२० महिलाले व्यवसायिक तालिम र १५० महिलाले अनुदान प्राप्त गरी व्यवसाय थालनी | |
| च | मनोसामाजिक विमर्शकर्तालाई हिंसा महिलालाई परामर्श प्रदान | हिंसा प्रभावित महिलाहरुको मनोसामाजिक क्षमतामा वृद्धि भएको | मनोसामाजिक समस्या सामाधानको लागि सहयोग पुगेको | |
| छ | बालअधिकारको सम्बर्द्धन | विपदमा परेका बालबालिकाहरुको उद्धार तथा पुर्नस्थापना गर्ने | ११ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आर्थिक सहयोग गरिएको | |
| ज | लैगिंक हिंसा निवारण | लैगिक हिंसा तथा बेचविखनको न्यूनीकरण गर्ने | लैगिंक हिंसा निवारणका लागि ७ सेवा केन्द्रबाट २८६ हिंसा पीडितलाई सेवा प्रवाह तथा मानव बेचविखन विरुद्ध ३ गाविसमा गाविसस्तरीय समिति गठन तथा परिचालन | |
| झ | मूलप्रवाहीकरण सर्म्पक निकाय सेवा | मूलप्रवाहीकरण सम्पर्क निकायका रुपमा समन्वय गर्ने | मूलप्रवाहीकरण समिति र सञ्जालमा समन्वय र सहकार्य | |
| ञ | सामाजिक परिचालन | गाविसस्तरमा सामाजिक सम्पर्क तथा सहजीकरण गर्ने | ९ गाविसमा सामाजिक परिचालिकाद्वारा सहजीकरण र अन्यमा कार्यालयद्वारा सहजीकारण | |
| ट | सूचना शिक्षा र सञ्चार | दिवसीय कार्यक्रम, जनचेतनामूलक सन्देश प्रवाह तथा अनुगमन | विभिन्न दिवसमार्फत तथा रेडियोमार्फत जनचेतनामूलक सन्देश प्रवाह  तथा अनुगमनबाट | |

| क.स. | संचालित आयोजना कार्यक्रमको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | | | कार्यक्रमको प्रभावकारिताबारे जानकारी | |
| २ | **लैगिंक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम** | लैगिंक हिंसा निवारणका लागि संस्थाहरुको एकीकृत विकास तथा पारालिगल समितिहरुलाई निगरानी समूहका रुपमा विकास, तथा परिचालन गर्ने | निगरानी समूह गठन, क्षमता विकास तथा परिचालन,विभिन्न अभियान सञ्चालन आदिबाट लैगिंक हिंसा निवारणका लागि टेवा, छिमेकी हस्तक्षेप बढ्दो | |
| ३ | **समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम** | अपांगता भएका व्यक्तिहरुको समुदायमा पुर्नस्थापन गर्ने | अपांगता भएका व्यक्तिहरुको लागि शिक्षा, सीपमूलक तालिम , स्वास्थ्योपचार, क्षमता विकास तथा गाविसस्तरीय समिति गठन तथा विभिन्न स्थानमा शिविरबाट परिचयपत्र वितरण | |
| ४ | **ज्येष्ठ नागरिक कार्यक्रम** | अन्तरपुस्ता सीप हस्तान्तरण गर्ने | ज्येष्ठ नागरिकमा भएका ज्ञान, सीप तथा अनुभव विद्यार्थीहरुमा हस्तान्तरण | |
| ५ | **जेष्ठ नागरिक परिचय पत्र बितरण** | गत २०७३ वैशाखबाट शुरु भएको | हालसम्म ७० जनालाई परिचयपत्र बितरण गरिएको | |
| ५ | **संयुक्त राष्ट्रसघीय जनसंख्या कोषको सहयोगमा सञ्चालित कार्यक्रम** | लैगिंक समानता तथा लैगिंक हिंसा निवारणमा पुरुषको सहयोग र सहभागिता वृद्धि गर्ने | ८ गाविसमा लैगिंक हिंसा निवारणमा पुरुषको सहभागिता वृद्धि गर्ने प्रतिबद्धता, तथा मिडियाबाट जनचेतना वृद्धि तथा किशारी समूहको अनुगमन तथा आवश्यक सुझाव प्रदान | |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगतका वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु :**

क. सेवाग्राहीहरुलाई मुस्कान सहितको सेवा

ख. अपांगता भएका व्यक्तिहरुलाई सहज र सरल तरिकाले परिचयपत्र प्राप्तिका लागि घुम्ती शिविरबाट विभिन्न विकट गाविसमा गई अपांगता परिचयपत्र वितरण गर्न प्रतिबद्ध

ग. लैगिंक हिंसा निवारण गर्न प्रतिबद्धता

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| क.स. | सामजिक जिम्मेवारीको क्षेत्र | सुचक सहितको कामको विवरण |
|---|---|---|
| १ | महिला सशक्तिकरण, विकास तथा मूलप्रवाहीकरण | |
| २ | बालसंरक्षण | |
| ३ | अपांगता भएका व्यक्तिहरु | |
| ४ | ज्येष्ठ नागरिकहरु | |
| ५ | लैगिंक हिंसा तथा मानवबेचविखनको निवारण | |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

क. कार्यालयमा दरबन्दी अनुसार कर्मचारी नहुदा कार्यक्रम कार्यान्वयनमा समस्या

ख. कार्यालयमा भौतिक साधन जस्तै सवारी साधन, अन्य प्रविधिको कमी हुनाले कार्यक्रम कार्यान्वयन, अनुगमनमा समस्या

ग. महिलाहरुको अत्याधिक कार्यबोझका कारण कार्यक्रम लागू गर्न तथा आशातीत उपलब्धी हासिल गर्न कठिनाई

घ. सामाजिक परिचालन जस्तै समूह,समिति गठन, बचत परिचालन लगायतका कार्यक्रमको दोहोरोपना

ङ. ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि कार्यक्रमतथा बजेट पर्याप्त नहुनु

च. महिला हिंसा तथा बालविवाहका घटनाहरुमा हस्तक्षेप (सामाजिक, राजनैतिक, पारिवारिक)

**८. समस्या समाधानका लागि के गर्न सकिएला ?**

क. दरबन्दी अनुसार पदपुर्तिका लागि लोक सेवा आयोगमा माग गरिएको

ख. भौतिक साधनको माग गरिएको

ग. महिलाहरुको समय अनुकुल हुने गरी कार्यक्रम गर्ने गरेको तथा कार्यबोझ घटाउन परिवारका अन्य सदस्य तथ पुरुषजनको सहयोगमा जोड गरिएका

घ. केन्द्रीयस्तरबाट नै सामाजिक परिचालनमा दोहोरोपना हटाउन छुट्टै नीति ल्याइनुपर्ने

ङ. ज्येष्ठ नागरिक तथा अपांगताको क्षेत्रमा गैससबाट पनि जोड दिनु पर्ने

च. महिला हिंसा तथा बालविवाह न्यूनीकरणमा सबै जना प्रतिबद्ध हुनुपर्ने

**सामाजिक अवस्थामा भएको परिवर्तनको तुलनात्मक विवरण**

**बालबालिका, महिला तथा समावेशी क्षेत्र**

| विवरण | आ.व २०७१।७२ को अवस्था | सुधारका लागि सञ्चालित कार्यक्रम | हासिल उपलब्धी |
|---|---|---|---|
| बाल विवाहको संख्या | २०७२ को जिबाकसको तथ्यांक अनुसार समग्र विवाहको ३३ प्रतिशत २० वर्षभन्दा कम उमेरको विवाह | बालविवाह विरुद्ध विद्यालयमा अभिमुखीकरण कार्यक्रम, घरदैलो कार्यक्रम सञ्चालन | बालबिवाह सम्बन्धी सचेतना बृद्धि भएक |
| सामाजिक विकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा | पूर्ण अशक्त अपांगता भएका व्यक्ति म ८९ पु १२९ गरी जम्मा २१८<br>आशिंक अशक्त भएका व्यक्ति<br>म ७६९ पु १०२५ गरी जम्मा १७९४ | पूर्ण अशक्त र आशिंक अशक्तलाई मध्यनजर गर्दै विकट गाविसमा घुम्ती शिविरमार्फत परिचय पत्र वितरण | यस आ.व.मा पूर्ण अशक्त भएका व्यक्ति<br>म : १४ पु : २२<br>जम्मा :३६<br>आशिंक अशक्त भएका व्यक्ति<br>म : ८८<br>पु : ९६<br>जम्मा : १८४ |
| जनचेतना तथा गरिबी निवारण | | | |
| बालश्रमको अवस्था | जनगणना २०६८ अनुसार ७२ जना | जिल्लाका प्रमुख ४ व्यापारिक केन्द्र विजुवार, खलंगा, जुम्री र बागदुलाका १११ होटेलमा र ६ यातायातका साधनमा बाल श्रमिकहरुको अनुगमन, बालश्रम विरुद्ध प्रचार प्रसार, बल श्रम नराख्नमा सचेत गरिएको | बालश्रम विरुद्ध सचेतनामा बृद्धि भएको |
| बाल क्लबहरुको अवस्था | ४०१ | जिविस तथा अन्य गैससबाट वडास्तरमा बालक्लब गठन तथा गाविस्तरमा सञ्जाल गठन, जिल्ला बाल भेला सम्पन्न गरिएको | बालक्लबहरु जिल्ला बाल कल्याण समितिमा आबद्ध भई जिल्ला बाल सञ्जाल समेत गठन भएको |

| विवरण | आ.व २०७१।७२ को अवस्था | सुधारका लागि सञ्चालित कार्यक्रम | हासिल उपलब्धी |
|---|---|---|---|
| महिला हिंसा | महिला हिंसाका २८६ घटना (जिल्ला सेवा केन्द्रको तथ्यांक अनुसार) | जिल्ला सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्रबाट २८६ जना हिंसा प्रभावितहरुलाई सेवा प्रदान गरिएको | महिला हिंसाका घटना बाहिर आउने क्रममा वृद्धि तथा घटना दर्तामा वृद्धि, लैगिंक हिंसा निवारण कोषबाट जनचेतनाको वृद्धि भएको |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरु | ३५० जना महिलाहरुले सीप तथा व्यवसायिकता विकास तालिम प्राप्त | माग अनुसार विभिन्न किसिमका सीप तथा व्यवसायिकता विकास तालिम प्रदान गरिएको | ३७० जना महिलाहरुले सफलता पूर्वक आयआर्जन सम्बन्धी तालिम प्राप्त गरी व्यवसायको सुरुवात गरेको |
| गरिबी निवारणका प्रयासहरु | | आय आर्जनका लागि सीप तथा व्यवसायिकता विकास तालिम प्रदान<br>व्यक्तिगत व्यवसायिक अनुदान तथा सामूहिक साझा व्यवसायिक अनुदान प्रदान गरिएको | गरिबी न्यूनीकरणमा सहयोग |
| सामाजिक परिचालन | ९ गाविसमा सामाजिक परिचालिकाहरु परिचालन | सामाजिक परिचालिकाद्वारा समूह, समिति गठन, बैठक सहजीकरण | सहकारी सञ्चालनमा सहजता, वडास्तरीय समूह समितिको सक्रियतामा वृद्धि |
| संस्थागत क्षमता | | | |
| जनशक्ति | स्वीकृत दरबन्दी : १९<br>स्थायी : १३<br>अस्थायी : १ | | |

| विवरण | आ.व २०७१।७२ को अवस्था | सुधारका लागि सञ्चालित कार्यक्रम | हासिल उपलब्धी |
|---|---|---|---|
| | करार : १<br>रिक्त : ४ | | |
| समन्वय र सहकार्यको प्रयासहरु | | विभिन्न दिवसीय कार्यक्रम तथा अभियान र अन्य कार्यक्रम विभिन्न सरकारी तथा गैरसरकारी निकायको समन्वयमा सञ्चालन गरिएको, | जिविस, गाविस तथा नगरपालिकाको समन्वयमा विभिन्न स्थानमा महिला सहकारी भवन निर्माणमा सहयोग |

अनुसूची- ३

(बुदा १०.३ सँग सम्वन्धित)

१. विषयगत कार्यालयको नाम : जिल्ला शिक्षा कार्यालय

२ लक्ष्यहरु

क) सबै बालबालिकाहरुलाई शिक्षा पहुँच पुऱ्याउने

ख) शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने

ग) शैक्षिक निकायहरुको व्यवस्थापकीय क्षमता अभिवृद्धि  गर्ने

३. मूख्य उद्देश्यहरुः

४. गत आथिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| **क.सं.** | **संचालित आयोजना कार्यक्रमको नाम** | **लक्ष्य** | **उपलब्धी** | **कैफियत** |
|---|---|---|---|---|
| १. | विद्यालय शिक्षामा पहुँचको सुनिश्चतता | १०० | ९६.५ प्रतिशत | |
| २. | विद्यालय भवन निर्माण | २०३ | १०० प्रतिशत | **क्रमागत रुपमा निर्माण भइरहेको तर तोकिएको बजेट अनुसार उपलब्धी** |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगतका वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु :**

क. दरबन्दी मिलान गरिएको ।

ख. साक्षर जिल्ला घोषणा भएको ।

ग. विद्यालय नक्सांकन ।

घ. विद्यालयलाई समय समयमा परिपत्र गरिएको ।

ङ) कार्ययोजना सहितको वार्षिक क्यालेन्डर  प्रकाशन गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता  :**

| क.स. | सामजिक जिम्मेवारीको क्षेत्र | सुचक सहितको कामको विवरण |
|---|---|---|

| | | |
|---|---|---|
| १ | बालविकास केन्द्र संचालन | तालिम प्राप्त सहजकर्ताबाट ८०९५ बालबालिकाले बालमैत्री बातावरणमा शिक्षा लिइरहेको |
| २ | सबै बालबालिकाहरुलाई शिक्षको पहुँच पुर्‍याउने। | वैकल्पिक विद्यालय, भर्ना अभियान सञ्चालन |
| ३ | अनौपचारिक शिक्षा कार्यक्रम संचालन | अनौपचारिक शिक्षा कक्षा सञ्चालनबाट साक्षर जिल्ला घोषणा भएको |
| ४ | शिक्षक तालिम | ५८५ जना शिक्षकलाई तालिम दिइएको |
| ५ | अनुगमन | ३९८ विद्यालयको नियमित अनुगमन |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

क. जिल्लाको आवश्यकता अनुसार कार्यक्रमको प्राथमिकता नभएको।

ख. कार्यक्रमको अख्तियारी ढिलो प्राप्त हुने।

ग. कार्यक्रममा बजेटको व्यवस्था अपुग हुने।

**८. समस्या समाधानका लागि के गर्न सकिएला ?**

क. जिल्ला शिक्षा योजना तयार गर्ने।

ख. अख्तियारी चौमासिक कार्यक्रम अनुसार सुरुमै उपलब्ध हुनुपर्ने।

ग. नपुग रकमको समयमै व्यवस्था हुनुपर्ने।

## ९.सामाजिक अवस्थामा भएको परिवर्तनको तुलनात्मक विवरण

### शिक्षा क्षेत्र

| विवरण | गत वर्षको अवस्थथा | सुधारका लागि सञ्चालित कार्यक्रम | हासिल उपलब्धी |
|---|---|---|---|
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | १०० | अनौपचारिक प्राथमिक विद्यालय | पढ्ने अवसर पाएको |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९६ प्रतिशत | वालविकास केन्द्रको कोटा वितरण | वालविकास शिक्षामा पहुँच बृद्धि भएको |
| प्राथमिक विद्यालयमा पँहुच नभएका सो उमेर समुहका बालबालिका संख्या/ प्रतिशत | २ प्रतिशत | अनौपचारिक प्राथमिक विद्यालय | पहुँचमा बृद्धि भएको |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ९६ प्रतिशत | अनिवार्य निशुल्क आधारभूत शिक्षा कार्यकम संचालन | पहुँचमा बृद्धि भएको |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | ५।४।९५ प्रतिशत | भर्ना अभियान, दिवा खाजा | पहुँचमा बृद्धि भएको |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | १०० प्रतिशत | शिक्षक पेशागत विकास तालिम | पहुँचमा बृद्धि भएको |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ६० जना | नयाँ कक्षा कोठाहरुको निर्माण | कक्षा कोठा संख्या वृद्धि भएको |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय संख्या | | | ११ वटा थप |
| दलित बालबालिकाको शिक्षामा पहुच | ९६ प्रतिशत | भर्ना अभियान, छात्रवृत्ति र दिवा खाजा | भर्नादर बढेको |

अनुसूची- ३

(बुदा १०.३ सँग सम्बन्धित)

**१. कार्यालयको नाम : जिल्ला स्वास्थ्य कार्यालय, प्यूठान**

**२. लक्ष्यहरु :**

क) बाल मृत्यु दर कम गर्ने ।

ख) नव शिशु मृत्यु दर कम गर्ने ।

ग) मातृ मृत्यु दर कम गर्ने ।

घ) रुग्णता दर (Morbidity) कम गर्ने ।

ङ) कुल प्रजनन् दर घटाउने ।

**३. मुख्य उद्देश्य** :

क) बाल मृत्यु दर प्रति हजार जीवित जन्ममा ५४ वाट ३८ मा झार्ने)।

ख. नव शिशु मृत्यु दर प्रति हजार जीवित जन्ममा ३३ वाट १६ मा झार्ने)।

ग. मातृ मृत्यु दर प्रति लाख जीवित जन्ममा २२९ वाट १३४ मा झार्ने)।

घ. (सन् २०३४ सम्ममा २.१ मा झार्ने)।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमहरुको विवरण (०७२/७३) :**

| क्र.सं. | संचालित आयोजना कार्यक्रमको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १. | १ वर्ष मुनिका बालबालिकाहरुलाई बि.सी.जी. | ५४३९ | ५०५८ (९३%) | |
| २. | डि.पी.टी. हेप.बी. हिब तिन मात्रा | ५४३९ | ५६५७ (१०४%) | |
| ३. | पोलियो तिन मात्रा | ५४३९ | १९०४(३५%) | |
| ४. | आई.पी.भी. १ मात्रा | ५४३९ | ५५४८ (१०२%) | |
| ५. | दादुरा रुबेला | ५४३९ | ५०५८ (९३%) | |
| ६. | टि.डी. गर्भवती महिला (२ र २+) | ५८०५ | ४४१२(७६%) | |
| ७. | २ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन | १०५१२ | ९७१६(९३%) | |
| ८. | आईरन चक्की पाएका गर्भवती महिला (नयाँ) | ५८०५ | ५३९९ (९३%) | |
| ९. | जुका औषधि वितरण गर्भवती महिला | ५८०५ | ५३४१ (९२%) | |
| १०. | भिटामिन ए पाएका सुत्केरी महिला | ५८०५ | ४४७० (७७%) | |
| ११. | भिटामिन ए पाएका ५ वर्ष मुनिका बालबालिकाहरु | २४३६० | २४६०४ (१०१%) | |

| क्र.सं. | संचालित आयोजना कार्यक्रमको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १२. | जुका औषधि पाएका ५ वर्ष मुनिका बालबालिकाहरु | २४३६० | १९९७५ (८२%) | |
| १३. | गर्भवती जाँच पहिलो पटक | ५८०५ | ३५४१ (६१%) | |
| १४. | गर्भवती जाँच चार पटक | ५८०५ | २६७० (४६%) | |
| | संस्थागत सुत्केरी | ५८०५ | ३१३४८ (५३%) | |
| १६. | सुत्केरी पछिको जाँच | ५८०५ | ३०७७ (५३%) | |
| १७. | परिवार नियोजनको साधनको लगातार प्रयोगकर्ता (स्थायी र अस्थायी) | ७४८७९ | १९६०४ (२६%) | |
| १८ | टि.बी. केस फाईन्डि | १०५ | ९९% | |
| १९. | टि.बी.को उपचार सफलता | १०५ | ८४% | |
| २०. | हात्तिपाईले रोग निवारण अभियान | २४५४२६ | २२८२४६ (९३%) | |

**५. सरोकार पक्षको चाहाना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु :**

क) पूर्ण खोप अभियान

ख) पूर्ण गर्भवती जाँच सेवा अभियान

ग) अस्पताल, प्रा.स्वा.के., स्वास्थ्य चौकी बाट २४ घण्टा निःशुल्क प्रसूति सेवा

घ).जटिल खालका सुत्केरीहरुका लागी C\S सेवा २४घण्टा निशुल्क उपलव्ध ।

ङ) जटिल खालको रोग लाएका (मुटु, क्यान्सर, मृगौला आदि) बिरामीहरुको निःशुल्क उपचारको लागि सिफारिस

च) लक्षित समूहहरुको लागि निःशुल्क स्वास्थ्य सेवा

छ) अत्यावश्यक स्वास्थ्य सेवा दुर्गम, पिछडिएको वर्गमा क्याम्प मार्फत प्रदान

ज) पाठेघर खस्ने समस्याको उपचार तथा अप्रेश्न गर्नु पर्नेहरुको नामावली संकलन

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|---|
| | गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने | |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

क) समयमा कार्यक्रम प्राप्त नुहुन ।

ख) समयमा बजेट निकासा नहुनु ।

ग) अपर्याप्त बजेट विनियोजन ।

घ) कर्मचारी अभाव ।

ङ) जिल्लाको आवश्यकता अनुसार कार्यक्रम नआउनु ।

**८. समस्या समाधान गर्न के गर्न सकिएला :**

क) नयाँ आर्थिक वर्ष शुरु भएको एक महिना भित्र कार्यक्रम तथा अख्तियारी प्राप्त हुनु पर्ने ।

ख) दरबन्दी अनुसारको कर्मचारी उपलब्ध हुनु पर्ने ।

ग) दातृ निकायबाट प्राप्त हुने बजेट तोकिएको समयमा निकासा गर्ने व्यवस्था मिलाउने ।

घ) जिल्लाको आवश्यकता अनुसार प्रस्तावित कार्यक्रम केन्द्रबाट स्वीकृत भएर आउने प्रणालीको विकास गर्नु पर्ने ।

**९. सामाजिक अवस्थामा भएको परिवर्तनको तुलनात्मक विवरण :**

| **विवरण** | **आ.व. ०७२/७३ को अवस्था** | **सुधारका लागि संचालित कार्यक्रम** | **हासिल उपलब्धी** |
|---|---|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | करिव २६००० | समुदाय स्वास्थ्य इकाई स्थापना, गाउँघर क्लिनिक संचालन | सेवाग्राहीको संख्यामा वृद्धि |
| ५ वर्ष मुनीका बालबालिकाको संख्या | २४३६० | समुदायमा आधारित वालरोगको एकिकृत व्यवस्थापन, खोपसेवा,पोषणआदी । | वालमृत्युदरमा कमी |
| खोपमा पहुँच भएको जनसंख्या ( एक वर्ष मुनीका बालबालिको आधारमा) | ५४३९ | पूर्ण खोप अभियान संचालन | पूर्ण खोप युक्त गा.वि.स. /न.पा. घोषणा भई सकेको |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या (प्रतिशतमा) | ४६% | समुदाय स्तरमा गर्भवती भेला अभियान संचालन, प्रत्येक स्वास्थ्य संस्थाबाट प्रत्येक हप्ताको सोमवार र बिहिवार गर्भ जाँच गराउने स्तरमा प्रचार प्रसार | गर्भ जाँचमा वृद्धि |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | ५३ % | बर्थिङ सेन्टरको संख्यामा वृद्धि, २४ घण्टा प्रसूति सेवाको लागि प्रत्येक बर्थिङ सेन्टरमा करारमा अ.न.मी.को नियुक्ति | संस्थागत सुत्केरी हुनेको संख्यामा अत्याधिक वृद्धि |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिको संख्या | ० | | |
| हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ३५०००० | समुदाय परिचालन,घुम्ति शिविर | सेवाग्राहीको संख्यामा वृद्धि |

सामाजिक परीक्षकको नाम : संजय रिजाल

दस्तखत :

मिति : २०७३ कार्तिक ३० गते ।

अनुसूची- ४ सामाजिक परीक्षणसँग सम्वन्धित फोटाहरु



सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक तथा छलफल कार्यक्रम




सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गर्दै ह्युमन डेभलपमेन्ट कन्सलटेन्सीकी अध्यक्ष पार्वता आचार्य




तिराम घैटे ट्यांकी निर्माण योजनाको सूचना बोड



तिराम घैटे ट्यांकी निर्माण योजना तिराममा निर्माण भएको घैटे ट्यांकी



तिराम घैटे ट्यांकी निर्माण योजनाका उपभोक्तासँग छलफल गर्दै



निर्माण सम्पन्न भएको लामाचौर झोलुङ्गे पुल



निर्माण सम्पन्न भएको लामाचौर झोलुङ्गे पुल



दर्गा दलित लिफ्ट खानेपानी आयोजना



दर्गा दलित लिफ्ट खानेपानी आयोजनाको उपभोक्तासंच

